गाउँ कार्यपालिकाको बैठक औ

मिति २०८३/०५/१३

समयः विहान ८:०० बजे

आज मिति २०८३/०५/१३ गते यस टेम्केमैयुङ गाँउपालिकाका अध्यक्ष श्री सरोज बस्नेतको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावमाथि छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति</u>

| | |
|---|---|
| श्री सरोज बस्नेत | गा.पा. अध्यक्ष |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष |
| श्री नर बहादुर राई | गा.पा. सदस्य |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य |
| श्री हर्कराज राई | गा.पा. सदस्य |
| श्री सुनिल राई | गा.पा. सदस्य |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य |
| श्री बाल वहादुर खड्का | गा.पा. सदस्य |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य |
| श्री गंगा वहादुर तामाङ | गा.पा. सदस्य |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य |
| श्री सन्तोष राई | गा.पा. सदस्य |
| श्री कल्पना परियार | गा.पा. सदस्य |
| श्री अदित दाहाल | प्रमुख प्रशासकीय अधिकृत |

<u>बैठक समन्वय सहयोगी</u>

इन्जिनियर श्री राम कुमार तामाङ

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

लेखा शाखा प्रमुख श्री अर्जुनजंग बस्नेत

प्राविधिक श्री जितेन्द्र अधिकारी

योजना शाखा श्री लिला प्रसाद पराजुली

प्रस्तावहरू:

१. अघिल्लो कार्यपालिका बैठक समीक्षा सम्बन्धमा।
२. भाद्र १० गतेको महाविपद् सम्बन्धमा।
३. कृषि संकलन केन्द्रको DPR भवन् संहितावमोजिम अध्यावधिक गर्ने सम्बन्धमा।
४. आ.व.२०८२।८३ को प्रगति समिक्षा सम्बन्धमा।
५. प्रारम्भिक वातावरणीय अध्ययन IEE गर्ने सम्बन्धमा।
६. जिन्सी निरीक्षण प्रतिवेदन सम्बन्धमा।
७. कर संकलन सम्बन्धी ठेक्का सम्बन्धमा।
८. गाउँपालिका दररेट सम्बन्धमा।
९. विद्यालय कर्मचारी पारिश्रमिक सम्बन्धमा।
१०. O&M सर्वेक्षण सम्बन्धी पूर्वस्वीकृति सम्बन्धमा।
११. विषयगत समितिका निर्णय अनुमोदन सम्वन्धमा।
१२. सुरक्षित आप्रवासन कार्यक्रम सम्बन्धमा।
१३. कर्मचारीको स्वास्थ्य लाभ तथा उपचार सहयोग सम्बन्धमा।
१४. शिविर संचालन सम्बन्धमा।
१५. सडक मर्मत सम्बन्धमा।

निर्णयहरू:

**निर्णय नं.१. अघिल्लो कार्यपालिका बैठक समीक्षा सम्बन्धमा।**
अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समीक्षा गरियो।

**निर्णय नं.२. भाद्र १० गतेको महाविपद् सम्बन्धमा।**
मिति २०८३ भाद्र १० गते रसुवा जिल्लाको भोटकोशीमा आएको बाढीको कारण मृत्यु भएका सम्पूर्ण व्यक्तिहरूलाई हार्दिक श्रद्धाञ्जली तथा मृतकको परिवारजनमा हार्दिक समवेदना अर्पण गर्ने निर्णय गरियो। उक्त महाविपद्का कारण वेपत्ता भएका व्यक्तिहरूको सकुशल उद्दार तथा घाइतेहरूको शीघ्र स्वास्थलाभको कामना गर्दै राहत, उद्दार तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा गाउँपालिकाको तर्फबाट रू. १०००००।- (एक लाख मात्र) विपद् व्यवस्थापन कोषबाट जम्मा गर्ने निर्णय गरियो।

**निर्णय नं.३. कृषि संकलन केन्द्रको DPR भवन संहिताबमोजिम अध्यावधिक गर्ने सम्बन्धमा।**

यस गाउँपालिकाको लेखर्क कृषि संकलन केन्द्रको लागि भारतीय राजदूतावासबाट रू. ९,८८,६७,७८५.९०।– रकम प्राप्त भएको, उक्त कार्यक्रम कार्यान्वयन गर्नका लागि आ.व. २०८०।८१ मा तयार पारिएको DPR भवन संहिता कोड, २०२० अनुसार तयार भएको र हाल भवन संहिता कोड, २०२६ लागु भइसकेको हुँदा उक्त DPR हालको भवन संहिता कोड तथा नयाँ दररेट अनुसार अद्यावधिक गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं.४. आ.व.२०८२।८३ को प्रगति समिक्षा सम्बन्धमा।**

टेम्केमैयुङ गाउँपालिकाको आ.व. २०८२/८३ को विभिन्न निकायवाट प्राप्त बजेट खर्च तथा कार्य प्रगतिका विषयमा समिक्षा गरियो। उक्त समिक्षामा यस कार्यालयवाट प्रदान गरिएका सार्वजनिक सेवाप्रवाह साथै विभिन्न कार्यक्रम तथा आयोजनाहरु जनगुनासो रहित सन्तोषजनक रुपमा सम्पन्न गरी जम्मा ८७.०८ प्रतिशत खर्च भएको जस अनुसार चालु तर्फ ८८.८६ प्रतिशत र पुँजीगत तर्फ ८३.५३ प्रतिशत खर्च गरियो। माथि उल्लेखित विवरण बमोजिम प्रगति गर्न सफल भएको हुँदा सो कार्यमा खटिने जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति र सम्पूर्ण सरोकारवालालाई धन्यवाद दिने साथै आगामी दिनहरुमा कमी कमजोरीहरुलाई सुधार गर्दै कार्यक्रमहरुलाई अगाडी वढाउने निर्णय गरियो।

**निर्णय नं.५. प्रारम्भिक वातावरणीय अध्ययन ।EE गर्ने सम्बन्धमा।**

टेम्केमैयुङ गाउँपालिका अन्तर्गत रहेका गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदी, खोला तथा खोल्सीहरूको प्रारम्भिक वातावरणीय अध्ययन ।EE गर्ने निर्णय अनुमोदन गरियो।

**निर्णय नं.६. जिन्सी निरीक्षण प्रतिवेदन सम्बन्धमा।**

आ.व. २०८२।८३ को टेम्केमैयुङ गाउँपालिकाको कार्यालयमा रहेका जिन्सी सामानहरूका विषयमा गठित जिन्सी निरीक्षण समितिले पेश गरेको प्रतिवेदन उपर छलफल भई उक्त प्रतिवेदनलाई सवर्सम्मतबाट अनुमोदन गरियो।

**निर्णय नं.७. कर संकलन सम्बन्धी ठेक्का सम्बन्धमा।**

टेम्केमैयुङ गाउँपालिकाको राजश्व परामर्श समितिको बैठकको सिफारिस बमोजिम यस गाउँपालिका अन्तर्गत देहाय बमोजिमको कर संकलन गर्ने कार्यका लागि ठेक्का खुलाउने निर्णय अनुमोदन गरियो।

<u>देहाय</u>

१. प्राकृतिक स्रोत (वनजन्य स्रोत) ओसार पसार तथा बिक्री गर्ने व्यवसायीहरुबाट व्यवसाय कर संकलन।
२. फलफुल तथा जडिबुटीजन्य (सुन्तला,कागती, एभोकाडो, किवी, ड्रागनफ्रुट, अलैंची, चिराइतो, चुत्रो लगायत) सामाग्रीको ओसार पसार तथा बिक्री गर्ने व्यवसायीहरुबाट व्यवसाय कर संकलन।

३. ढुंगा, गिटी, बालुवालगायतका नदिजन्य पदार्थको उत्खनन तथा विक्री वितरण गर्ने व्यवसायीहरुबाट व्यवसाय कर संकलन।

**निर्णय नं.८. गाउँपालिका दररेट सम्बन्धमा।**
भोजपुर जिल्ला दररेट निर्माण समितिले आ.व. २०८३/८४ का लागि निर्धारण गरि पारित गरेको दररेटहरुलाई यस टेम्केमैयुङ गाउँपालिका क्षेत्रभित्र पनि कायम गर्ने साथै यातायातद्धारा सामान ढुवानीको हकमा भोजपुर सदरमुकाम देखि यस गाउँपालिकाभरिको सम्पूर्ण वडा केन्द्रसम्म सजिलो सामान प्रति केजी रु ३.५, असजिलो सामान प्रति केजी रु ४.५ र जोखिमपूर्ण सामान प्रति केजी रु ५.५ एवं सो दररेटमा उल्लेख नभएका सामाग्रीहरुको हकमा मोरङ जिल्ला दररेट निर्माण समितिले कायम गरेको दरहरुलाई कायम गर्ने, पुरातात्विक/परम्परागत कलात्मक शैलीको निर्माण कार्यको लागि नेपाल पुरातत्व विभागको कार्य मापदण्ड, ललितकला सम्वन्धी कार्यको लागि नेपाल प्रज्ञा प्रतिष्ठानको कार्य मापदण्डलाई आधार मान्ने र अन्य बाँकी सामाग्रीको दररेट सम्बन्धित फर्म कम्पनीबाट कोटेशन माग गरी दररेट निर्धारण गर्ने निर्णय पारित गरियो।

**निर्णय नं.९. विद्यालय कर्मचारी पारिश्रमिक सम्बन्धमा।**
हाल यस गाउँपालिकामा कार्यरत विद्यालय कर्मचारीहरुको तलव सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद् बैठकको मिति २०८३।०५।०३ को निर्णयानुसार संघीय सरकारबाट ECD कर्मचारीको तलव रू. १७०००।-, मा.वि. लेखापालको रू.२००००।- र कार्यालय सहयोगीको रू.१५०००।- प्राप्त हुने भएकाले उक्त रकममा पालिकाबाट रू. ५०००।- थप गरी ECD कर्मचारीको तलव रू. २२०००।-, मा.वि. लेखापालको रू.२५०००।- र कार्यालय सहयोगीको रू.२००००।- मासिक तलव कायम गर्ने निर्णय गरियो।

**निर्णय नं.१०. O&M सर्वेक्षण सम्बन्धी पूर्वस्वीकृति सम्बन्धमा।**
संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नका लागि पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरियो। साथै तपसिल बमोजिमको सर्वेक्षण समिति गठन गर्ने निर्णय गरियो।
तपसिलः

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत, अदित दाहाल | -संयोजक |
| २. लेखा अधिकृत, अर्जुन जंग बस्नेत | -सदस्य |
| ३. सहायकस्तर चौथो, लिला प्रसाद पराजुली | -सदस्य सचिव |

**निर्णय नं.११. विषयगत समितिका निर्णय अनुमोदन सम्बन्धमा।**
यस कार्यपालिकामा पेश भएका तपसिल बमोजिमका समितिहरूको प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने निर्णय गरियो।
तपसिलः

१. विधायन निर्माण समितिको प्रतिवेदन
२. सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन
३. सामाजिक विकास समितिको प्रतिवेदन
४. आर्थिक विकास समितिको प्रतिवेदन
५. पूर्वाधार विकास समितिको प्रतिवेदन
६. वन तथा वातावरण समितिको प्रतिवेदन

**निर्णय नं.१२. सुरक्षित नागरिक आप्रवासन कार्यक्रम सम्बन्धमा।**

वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाउदै प्राप्त लाभ अभिवृद्धि र सामाजिक लागत न्यूनीकरण गर्ने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गतका वित्तीय साक्षरता तथा समुदाय सचेतना लगायतका सेवाहरूलाई श्रम तथा रोजगार शाखा/रोजगार सेवा केन्द्र मातहत र मनोसामाजिक परामर्श सेवालाई घरेलु हिंसा, विपद् तथा वैदेशिक रोजगारसँग सम्बन्धित समस्यामा समेत उपलब्ध हुने गरी स्वास्थ्य शाखा मातहत संचालन गर्ने, सेवा प्रवाहको अभिलेखीकरण तथा गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित शाखा प्रमुखलाई दिने र सेवा प्रवाहको अनुगमन सम्बन्धित शाखा तथा अनुगमन तथा सुपरीवेक्षण समितिबाट कम्तीमा त्रैमासिक रूपमा गर्ने निर्णय गरियो।

**निर्णय नं.१३.कर्मचारीको स्वास्थ्य लाभ तथा उपचार सहयोग सम्बन्धमा।**

यस गाउँपालिकामा कार्यरत प्रशासन शाखा प्रमुख श्री गणेशप्रसाद धिमाल सवारी दुर्घटनामा परी काठमाडौंको बि. एण्ड बि. हस्पिटलमा उपचाररत हुनुभएको हुँदा निजको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचार सहयोगका लागि उद्दार, राहत तथा प्रकोप व्यवस्थापन कोषबाट रु.५००००।- (पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.१४.शिविर संचालन सम्बन्धमा।**

कल्प इम्पावर वेमेन नेपालले मिति २०८३ भाद्र १६ गतेदेखि यस पालिकामा मातृत्व जोगाउने अभियान संचालन गर्ने भएको हुँदा उक्त कार्यक्रममा पालिकाको तर्फबाट आवश्यक समन्वय तथा सहकार्य गर्दै उक्त कार्यक्रम संचालनको सूचना सबै वडामा प्रवाह गर्ने निर्णय गरियो।

**निर्णय नं.१५.सडक मर्मत सम्बन्धमा।**

वडा नं ९ मा अवस्थित सिंहदेवी मा.वि. मुनिदेखि वडा कार्यालय जाने बाटो अविरल वर्षाका कारण बिग्रिएको हुँदा उक्त सडक मर्मत कार्यका लागि विपद् व्यवस्थापन कोषबाट रु.१०००००।- (एक लाख मात्र) विनियोजन गरी प्राविधिक मूल्यांकन अनुसार भुक्तानी गर्ने निर्णय गरियो।